बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

आयोजना कार्यान्वयन एकाइ, हेटौंडा

## फलफूल बगैचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/१८

यस आयोजनाको कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१ अनुसार तपसिलमा उल्लेखित स्थानीयतहमा देहायका बालीहरुको बगैंचा स्थापनामा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक तपसिलमा उल्लेखित स्थानीय तह अन्तर्गतका कृषि उद्यमी, कृषक समूह तथा सहकारीहरूलाई आवश्यक कागजातहरू सहित सम्बन्धित स्थानीय तहमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आवेदन पेश गर्नुहुन अनुरोध छ। साथै सूचनाको अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुल्ने दिनामा समेत आवेदन संकलन गरिनेछ।

नोटः कार्यक्रम सम्बन्धी थप जानकारी र अनुसूची फारामको लागि आयोजना कार्यान्वयन एकाई, हेटौंडाको फोन नं. ०५७-५२०४६६, सम्बन्धित स्थानीय तहको (कृषि विकास शाखा) र कृषि विकास निर्देशनालय, हेटौंडाको वेबसाइट doad.bagamati.gov.np मार्फत प्राप्त गर्न सकिनेछ।

तपसिलः

| क्र.सं. | कार्यक्रम संचालन हुने | | लक्षित फलफूलबाली | कै. |
|---|---|---|---|---|
| | जिल्ला | स्थानीय तह | | |
| १. | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका | सुन्तला, कागती | |
| २. | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका | सुन्तला, मेकाडेमिया नट, कागती | |
| ३. | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | सुन्तला, मेकाडेमिया नट, कागती | |
| ४. | नुवाकोट | लिखु गाउँपालिका | एभोकाडो, मेकाडेमिया नट, कागती | |
| ५. | नुवाकोट | तादी गाउँपालिका | एभोकाडो, मेकाडेमिया नट, ओखर | |
| ६. | धादिङ्ग | नेत्रावती डबजोङ गाउँपालिका | सुन्तला, एभोकाडो, कागती | |
| ७. | धादिङ्ग | त्रिपुरासुन्दरी गाउँपालिका | मेकाडेमिया नट, एभोकाडो, सुन्तला, कागती | |
| ८. | धादिङ्ग | गजुरी गाउँपालिका | मेकाडेमिया नट, एभोकाडो, कागती | |

आवश्यक कागजातहरूः

१. कार्यक्रम माग सम्बन्धी अनुसूची-८ अनुसारको निवेदन फाराम।
२. कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपी।
३. गत आ.व. को संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपी।
४. गत आ.व. सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्र।
५. कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रवन्धपत्रको प्रतिलिपी।
६. कार्यक्रममा सहभागी हुने घरधुरीहरुको एकिन गर्ने सम्बन्धी अनुसूची-१० बमोजिमको संस्थागत निर्णयको प्रतिलिपी।
७. कार्यक्रममा सहभागी हुने घरधुरीहरुले क्लष्टरमा बगैंचा स्थापना गर्न सहमत भएको अनुसूची-११ बमोजिमको सहमती पत्र।
८. प्रस्तावित कार्यक्रम सञ्चालन हुने जगाको आफ्नो स्वामित्वको प्रमाण पत्र (लालपूर्जाको प्रतिलिपि) वा जग्गा भाडामा लिनुपर्ने भएमा सम्बन्धित वडाको वडाअध्यक्ष वा दर्तावाला कानून व्यवसायीको रोहवरमा गरेको जग्गा भाडा वा करार सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधीको)।
९. अनुसूची-१२ बमोजिमको निर्णय प्रतिलिपी।
१०. अनुसूची-१३ बमोजिमको स्वःघोषणा पत्र।
११. अनुसूची-१४ बमोजिमको वातावरणीय प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची तथा अनुसूची-१५ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची।
१२. सम्बन्धित स्थानीय तह (वडा कार्यालय) को सिफारिस पत्र।